# वार्षिक प्रतिवेदन

## आ.व. २०८१/०८२





बागमती प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

हेटौंडा, नेपाल।

# प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २३ बमोजिमको वार्षिक प्रतिवेदन

बागमती प्रदेश सरकार

## प्रदेश नीति तथा योजना आयोग

हेटौंडा, नेपाल।

आ.व. २०८१/०८२

बागमती प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

हेटौंडा, नेपाल

☎ ०५७-५२५१३१
०५७-५२३६८९
०५७-५२४८४५

मिति:२०८२/०६/२९

विषयः वार्षिक प्रतिवेदन सम्बन्धमा ।

माननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
बागमती प्रदेश, हेटौंडा ।

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २३ को उपदफा १ बमोजिम प्रदेश नीति तथा योजना आयोगको वार्षिक प्रतिवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

..........................
केशवराज सुवेदी
प्रदेश सचिव

Website: pppc.bagamati.gov.np
Email: pradeshyojanahtd@gmail.com

# हाम्रो भनाई

प्रदेशको समृद्धि एवम् सन्तुलित र दिगो विकासलाई तीव्रता दिने, अध्ययन र विश्लेषणका आधारमा प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने एक विशिष्टीकृत निकायको रुपमा प्रदेश नीति तथा योजना आयोग रहेको छ।

आयोगले निरन्तर रुपमा योजनाबद्ध विकासको माध्यमबाट उपलब्ध स्रोत साधन, अवसर र सम्भावनाहरुको अधिकतम उपयोग गरी समृद्ध बागमती प्रदेशको निर्माण गर्ने सोचमा रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा आयोगले विपद पश्चातको आवश्यकता पहिचान मूल्याङ्कन (PDNA) प्रतिवेदन तयारी, राजश्व सम्बन्धी प्रादेशिक अध्ययन, प्रदेश विकास जर्नल वर्ष ५ अङ्क १ प्रकाशन, प्रदेश नीति तथा योजना आयोगको पञ्चवर्षीय रणनीति सम्बन्धी छलफल तथा जिल्लास्तरीय योजना छनौट लगायका महत्वपूर्ण कार्यहरु सम्पादन गरेको छ । बहुवर्षिय योजनाहरूको मूल्यङ्कन एंव प्राथमिकीकरण, संघीय सरकारबाट प्रदेश सरकारलाई प्राप्तहुने समपूरक तथा विशेष अनुदान तर्फका योजनाहरूको मूल्यङ्कन एंव छनौंट ।

आयोगले सीमित स्रोत र सधान तथा स्पष्ट कार्यक्षेत्रको अभावमा अपेक्षित कार्य गर्न नसकेता पनि नीति निर्माणका क्रममा दिगो विकास लक्ष्यहरू (SDGs), प्रदेश सरकारका प्राथमिकता र स्थानीय तहका आवश्यकतालाई प्राथमिकता दिई, ठोस र मूर्त रुपमा योजनागत प्रणाली संस्थागत गरी विकास प्रक्रियालाई स्थापित गर्न आयोगबाट गरिएको प्रयास प्रशंसनीय छ। आगामी दिनमा आयोगको कार्यक्षेत्र एवम् संरचनात्मक भूमिकामा स्पष्टता ल्याई प्रादेशिक आवश्यक्ता अनुसार अनुसन्धान तथा विकास, नवप्रवर्तन र वैज्ञानिक नीति निर्माण र योजना प्रक्रियामा आयोगको भूमिका अग्रणी हुनुपर्ने महसुस गरिएको छ। आगामी दिनमा प्रदेश सरकारले आयोगलाई विषय विज्ञता र व्यावसायिक रुपमा सक्षम र सबल बनाउँदै लैजानु पर्ने आवश्यकता देखिएको छ।

सरकार र आयोगबीचको सहकार्यलाई मजबुत बनाउन र यस प्रतिवेदन तयारीमा प्रत्यक्ष, अप्रत्यक्षरूपमा सहयोग गर्नुहुने आयोगका पदाधिकारीहरु, सचिवज्यू, विज्ञज्यूहरु, कर्मचारीहरु प्रति प्रदेश नीति तथा योजना आयोग हार्दिक आभार व्यक्त गर्दछ।

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

प्रदेश नीति तथा योजना आयोग,
बागमती प्रदेश, हेटौंडा ।

## सारांश

प्रदेश नीति तथा योजना आयोग, प्रदेश सरकार अन्तर्गतको उच्च तहको योजना, नीति निर्माण र विकास सम्वन्धी परामर्शदायी निकायको रूपमा स्थापना भएको हो। प्रदेशको समृद्धि एवम् सन्तुलित र दिगो विकासको कार्यलाई तीव्रता दिन अध्ययन र विश्लेषणका आधारमा प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कनगरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टिकृत निकायका रूपमा प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेश नीति तथा योजना आयोग गठन भएको हो। दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा र आयोजनाहरूको प्रभावकारितामा वृद्धि गर्नका लागि नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन, नीतिगत अध्ययन अनुसन्धान र तहगत समन्वय मार्फत प्रदेश सरकारलाई सहयोग गर्नु आयोगका प्रमुख कार्यहरु हुन । योजनाबद्ध विकासको माध्यमबाट उपलब्ध स्रोत साधन, अवसर र सम्भावनाहरुको अधिकतम उपयोग गरी समृद्ध बागमती प्रदेशको निर्माण गर्ने सोचमा प्रदेश नीति तथा योजना आयोग रहेको छ।

## स्वीकृति दरबन्दी तथा पदपूर्ति सङ्ख्या विवरण

प्रदेश सरकार मन्त्रिपरिषद्ले मिति २०७५/०२/२९ मा प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मार्फत तपसिल बमोजिम आयोगमा नौ जना पदाधिकारी रहने व्यवस्था गरेको छ।

तपसिल

- मुख्यमन्त्री - अध्यक्ष
- प्रदेश सरकारबाट नियुक्त एक जना - उपाध्यक्ष
- प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक जना महिला सहित चार जना - सदस्य
- प्रमुख सचिव, प्रदेश सरकार - पदेन सदस्य
- सचिव आर्थिक मामिला तथा योजना मन्त्रालय - पदेन सदस्य
- आयोगको सचिव - सदस्य सचिव

आयोग स्थापना देखि हाल सम्म ७ जना उपाध्यक्ष, १६ जना सदस्यहरु र १२ जना सचिवहरुले यस आयोगमा रही कार्य गर्नुभएको छ।प्रतिवेदन अवधिमा स्वीकृत दरबन्दी मध्ये अधिकृत तहमा ५ जना पदपूर्ति भएको, सहायक स्तरको स्वीकृत दरबन्दीमा ८ जना मध्ये ६ जनाको पदपूर्ति भएको र श्रेणी विहिनमा स्वीकृत दरबन्दीको ८ जना मध्ये ५ जना पदपूर्ति भएको छ।

## आयोगका मुख्य कार्यहरू

- दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा,
- अनुगमन तथा मूल्याङ्कन,
- तहगत समन्वय,
- अध्ययन, अनुसन्धान तथा अन्वेषण ।

## प्रगति उपलब्धीहरू

### ➢ प्रगति विवरण

आर्थिक वर्ष २०८१/८२ मा चालु खर्च रु, २,६९,५३,४०३ (६२.५२ प्रतिशत) र पूंजीगत खर्च रु, २०,२९,४१० (६९.०२ प्रतिशत) रहेको र भौतिक प्रगति ७७.६४ प्रतिशत भएको छ।

### ➢ नीति तथा कार्यक्रमसँग सम्बन्धी उपलब्धीहरु

- प्रदेश तथ्याङ्क ऐनको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस भएको,
- प्रदेश अनुगमन तथा मूल्याङ्कन ऐन, प्रदेश नीति तथा योजना आयोग गठन सम्बन्धी ऐन तर्जुमा गर्न सैद्धान्तिक सहमती प्राप्त भई विधेयकको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको,
- आयोजना बैंक अभिमुखिकरण कार्यक्रम संचालन भएको, आयोजना बैंकमा आयोजना प्रविष्ट गर्न शुरुवात भएको,
- जनता आवास कार्यक्रम र खानेपानी तथा सरसफाई आयोजनाको प्रभाव मूल्यांकनको अध्ययन अनुसन्धानको कार्य भएको।

### ➢ विनियोजित बजेट कार्यक्रमसँग सम्बन्धी उपलब्धीहरु

#### ❖ आयोगको नियमित कार्यक्रमहरु

- आयोजना बैंक व्यवस्थापन तथा सञ्चालन,
- प्रदेश आयोजनाहरुको प्रभाव मूल्याङ्कन,
- अध्ययन अनुसन्धान,
- PDAC, MDAC को बैठक,
- बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन ।

#### ❖ आयोगको थप कार्यक्रमहरु

- विपद पश्चातको आवश्यकता पहिचान मूल्याङ्कन (PDNA) प्रतिवेदन तयारी,
- दोस्रो आवधिक योजनाको नतिजाखाका निर्माण,
- राजश्व सम्बन्धी प्रादेशिक अध्ययन,
- प्रदेश विकास जर्नल वर्ष ५ अङ्क १ प्रकाशन,
- प्रदेश नीति तथा योजना आयोगको पञ्चवर्षीय रणनीति सम्बन्धी प्रारम्भिक छलफल ।

## ➢ बैठक सङ्ख्या

आ. व. २०८१/०८२ मा आयोगको कुल १९ वटा बैठकहरू सम्पन्न भएका छन् जसमा माननीय मुख्यमन्त्री तथा आयोगका अध्यक्षज्यूको अध्यक्षता ३ वटा पूर्ण बैठक र उपाध्यक्ष ज्यूको अध्यक्षतामा १६ वटा नियमित बैठकहरू सम्पन्न भएका छन्।

## ➢ सबल पक्ष

- प्रदेश सरकारसँग प्रत्यक्ष समन्वय,
- संगठन संरचना अनुसार जनशक्ति प्राप्त,
- बहुवर्षीय, समपुरक तथा विशेष आयोजनाहरुको प्राथमिकीकरण,
- मन्त्रालयगत सामञ्जस्यता,
- संघीय संरचनासँग अनुकुलता,
- विकास आयोजनाबाट तेश्रो पक्षबाट अनुगमन तथा मूल्याङ्कन।

## ➢ सवाल तथा चुनौतीहरु

- नीति र योजना निर्माणमा आयोगको प्रस्ताव कार्यान्वयन कसरी सुनिश्चित गरिने?
- तथ्याङ्क व्यवस्थापन र अनुसन्धान क्षमताको सुदृढीकरण कसरी गरिने?
- आयोगको सिफारिसलाई कानुनी रूपमा बाध्यकारी बनाउने सम्भावना के कस्तो?
- स्थानीय तहसँग नीति तथा योजना समन्वयको प्रभावकारी मोडेल के हुन सक्छ?
- संघीय सरकारसँग नीतिगत समन्वय कसरी प्रभावकारी बनाउने?
- कसरी आयोगलाई "Think Tank" को रूपमा विकास गर्ने?
- आर्थिक मामिला तथा योजना मन्त्रालयसँगको कार्यगत दोहोरोपनालाई कसरी हटाउने?
- आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई कसरी बजेट तर्जुमामा जोड्ने?

# विषय सूची

## परिच्छेद-एक


पृष्ठभूमि ........ १
१.१ परिचय ........ १
१.२ आयोगका मुख्य कार्यहरू ........ १
१.३ स्वीकृति दरबन्दी तथा पदपूर्ति सङ्ख्या विवरण ........ ३


## परिच्छेद-दुई


उपलब्धीहरू........ ८
२.१ प्रमुख उपलब्धीहरू........ ८
२.२ तयार भएका ऐन, नियमावली तथा कार्यविधिहरुको विवरण ........ ८
२.३ प्रमुख क्रियाकलापहरू ........ ८
२.३.१.बैठक सङ्ख्या........ ८
२.३.२.प्रमुख निर्णयहरू........ ९
२.४ निर्णय कार्यान्वयनको अवस्था ........ १०
२.५ आर्थिक वर्ष २०८१/८२ को प्रदेश सरकारको नीति तथा कार्यक्रम अन्तर्गत प्रगति विवरण ........ १०
२.६ आर्थिक वर्ष २०८१/८२ को बजेट बक्तव्यमा उल्लिखित बुँदाहरुको प्रगति विवरण ........ ११
२.७ आर्थिक वर्ष २०८१/८२ को बजेट उपशीर्षक अनुसारको प्रगति विवरण ........ १२
२.८ आर्थिक वर्ष २०८१/८२ को आम्दानी विवरण ........ १३
२.९ आर्थिक वर्ष २०८१/८२ को क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति विवरण ........ १३


## परिच्छेद-तीन


अबको बाटो........ १४
३.१. सवालहरू........ १४
३.२. प्रमुख समस्याहरू........ १४
३.३. सबल पक्षहरु, कमीकमजोरीहरु, अवसरहरु र चुनौतीहरु........ १५
३.४. सुझाव तथा सुधारका विषयहरू ........ १५
३.५ निर्णय कार्यान्वयनको अवस्था अनुसारको विवरणहरू........ १६


## अनुसूचीहरू


अनुसूची-१ प्रस्तावित आयोजनाहरूको प्राथमिकीकरण सूची........ १८
अनुसूची-२ आन्तरिक मामिला तथा कानुन मन्त्रालयको माग बमोजिम आयोजना प्राथमिकीकरण........ २०
अनुसूची-३ आयोजनाहरूको प्राथमिकता (P1)........ २१
अनुसूची-४ आ.व.२०८२/०८३को संघीय समपूरक अनुदानको लागि प्रस्तावित आयोजना/कार्यक्रमहरु(क्रमागत) ........ २२
अनुसूची-५ आ.व.२०८२/०८३को संघीय समपूरक अनुदानको लागि प्रस्तावित आयोजना/कार्यक्रमहरु(नयाँ)........ २३
अनुसूची-६ आ.व.२०८२/०८३को संघीय विशेष अनुदानको लागि प्रस्तावित आयोजना/कार्यक्रमहरु(क्रमागत)........ २५
अनुसूची-७ आ.व.२०८२/०८३को संघीय विशेष अनुदानको लागि प्रस्तावित आयोजना/कार्यक्रमहरु(नयाँ) ........ २६
अनुसूची-८ विपद् पछिको आवश्यकता मूल्याङ्कन प्रतिवेदन (PDNA Report, 2081)........ २८
अनुसूची-९ सम्पति/जिन्सी मालसामानको वार्षिक विवरणहरू........ ३५
अनुसूची-१० तस्वीरहरू........ ३८

## प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेशका पदाधिकारीहरू



श्री इन्द्रबहादुर बानियाँ
माननीय मुख्यमन्त्री तथा अध्यक्ष



श्री भूपाल बराल
प्रमुख सचिव तथा सदस्य
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



श्री झलकराम अधिकारी
प्रदेश सचिव तथा सदस्य
आर्थिक मामिला तथा योजना मन्त्रालय



श्री केशवराज सुवेदी
प्रदेश सचिव तथा सदस्य सचिव
प्रदेश नीति तथा योजना आयोग

प्रतिवेदन तयारी मितिमा उपाध्यक्ष तथा चार जना सदस्यहरूको पद रिक्त रहेको ।

# परिच्छेद-एक

## पृष्ठभूमि

### १.१ परिचय

प्रदेशको समृद्धि एवम् सन्तुलित र दिगो विकासको कार्यलाई तीव्रता दिन अध्ययन र विश्लेषणका आधारमा प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कनगरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टिकृत निकायका रूपमा प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेश नीति तथा योजना आयोग गठन भएको हो। दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा र आयोजनाहरूको प्रभावकारितामा वृद्धि गर्नका लागि नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन, नीतिगत अध्ययन अनुसन्धान तथा अन्वेषण र तहगत समन्वय मार्फत प्रदेश सरकारलाई सहयोग गर्नु आयोगका प्रमुख कार्यहरू हुन् ।

### १.२ आयोगका मुख्य कार्यहरू

#### १.२.१. दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा

- प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोचसहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको लागि सिफारिस गर्ने
- आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, तथा अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीति, नीति तथा योजना तयार गर्ने
- सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वययमा प्रदेशस्तरका नयाँ विकास आयोजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षणसमेत गरी परामर्श दिने
- लाभ लागत लगायतका विविध विश्लेषणका आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने
- प्रदेशमा रहेका स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणका लागि प्रदेश मापदण्ड तयार गर्ने गराउने
- अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रकृयालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण र सोको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने
- अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजना तर्जुमा गर्ने गराउने
- प्रदेश तथा अन्तर्राष्ट्रिय नीति सम्वाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय सहजीकरण गर्ने
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकुल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने गराउने

#### १.२.२. अनुगमन तथा मूल्याङ्कन

- प्रदेश विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरू लागु गरी संस्थागत गराउने

- मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति तथा प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने
- अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेसागत सङ्घ संस्था, नागरिक समाज र विकासका साझेदारबिच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

### १.२.३. तहगत समन्वय

- प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने

### १.२.४. अध्ययन अनुसन्धान तथा अन्वेषण

- प्रदेशस्तरको कुनै नीतिको सान्दर्भिकता वा विकास योजनाको विभिन्न पक्षको स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने गराउने र तत् सम्बन्धी प्रणालीको विकास गर्ने
- प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र र गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने
- आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत, उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन, सुशासन, व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने ।

## १.३ स्वीकृति दरबन्दी तथा पदपूर्ति सङ्ख्या विवरण

मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरूको जम्मा सङ्ख्या, स्वीकृति दरबन्दी तथा पदपूर्ति सङ्ख्या विवरण:

प्रदेश नीति तथा योजना आयोगको उल्लेखित कार्य जिम्मेवारी एवं कार्यविवरण बमोजिम देहाय अनुसार गङ्गठन संरचना २१ जनाको दरबन्दी तेरीज रहेको छ ।




**दरबन्दी तेरिज**

| | | |
|---|---|---|
| रा.प. प्रथम श्रेणी/ अधिकृत एघारौं तह सा.प्र. | - | १ |
| अधिकृतस्तर नऔं/दसौं सा.प्र. | - | १ |
| अधिकृतस्तर सातौं/आठौं सा.प्र. | - | ३ |
| सहायक पाँचौं/अधिकृत छैटौं सा.प्र. | - | ४ |
| सहायक पाँचौं/अधिकृत छैटौं (लेखा) | - | १ |
| सहायक पाँचौं/कम्प्युटर अधिकृत छैटौं (विविध) | - | २ |
| सहायक पाँचौं/अधिकृत छैटौं (तथ्याङ्क) | - | १ |
| ह.स.चा. (श्रेणी विहीन मे.) | - | ४ |
| कार्यालय सहयोगी (श्रेणी विहीन) | - | ४ |
| जम्मा | - | २१ |

प्रमुख सचिव

१०

# दरबन्दी तेरिज

| क्र.सं. | पद | सेवा | समूह/ उपसमूह | श्रेणी/तह | मौजुदा | प्रस्तावित | थप/घट | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | सा.प्र. | एघारौं | १ | १ | ० | १ | |
| २ | अधिकृत | प्रशासन | सा.प्र. | नवौं/दशौं | १ | १ | ० | १ | |
| ३ | अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौं | ३ | ३ | ० | ३ | |
| ४ | तथ्याङ्क अधिकृत | आ.यो.त.त. | तथ्याङ्क | सातौं/आठौं | १ | ० | -१ | ० | |
| ५ | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | पाँचौं/छैठौं | ३ | ४ | १ | ४ | |
| ६ | सहायक/अधिकृत | प्रशासन | लेखा | पाँचौं/छैठौं | १ | १ | ० | १ | |
| ७ | कम्प्युटर अधिकृत/सहायक | प्रशासन | विविध | पाँचौं/छैठौं | १ | २ | १ | २ | |
| ८ | सहायक/अधिकृत(तथ्याङ्क) | आ.यो.त.त. | तथ्याङ्क | पाँचौं/छैठौं | ० | १ | १ | १ | |
| ९ | सहायक चौथों | प्रशासन | सा.प्र. | चौथो/पाँचौं | १ | ० | -१ | ० | |
| १० | सहायक कम्प्युटर अपरेटर | प्रशासन | विविध | चौथो/पाँचौं | १ | ० | -१ | ० | |
| ११ | ह स चा | ईन्जिनियरिङ्ग | मेकानिकल | तहविहीन | ३ | ४ | १ | ४ | |
| १२ | का स | प्रशासन | विविध | तहविहीन | ३ | ४ | १ | ४ | |
| जम्मा | | | | | १९ | २१ | २ | २१ | |

प्रमुख सचिव

## हालसम्म नियुक्तहुनु भएका उपाध्यक्षहरुको नामावली

| क्र.स | पद | नाम थर | कार्यअवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | उपाध्यक्ष | डा. श्री खिमलाल देवकोटा | २०७५।०२।२९ | २०७६।०३।३० |
| २ | का.बा. उपाध्यक्ष | श्री श्यामकुमार बस्नेत | २०७६।०४।०१ | २०७७।०५।२४ |
| ३ | उपाध्यक्ष | डा. श्री जगत बहादुर बस्नेत | २०७७।०५।२५ | २०७७।०७।१० |
| ४ | उपाध्यक्ष | डा. श्री कृष्णराज पन्त | २०७८।०९।१४ | २०७९।०९।०८ |
| ५ | उपाध्यक्ष | डा. श्री होमनाथ चालिसे | २०७९।१०।२४ | २०७९।१२।०७ |
| ६ | उपाध्यक्ष | प्रा.डा. श्री नर विक्रम थापा | २०७९।१२।१५ | २०८१।०४।०६ |
| ७ | उपाध्यक्ष | डा. श्री गंगादत्त नेपाल | २०८१।०५।२६ | २०८२/०४/२० |

## हालसम्मका नियुक्तहुनु भएका आयोगका सदस्यहरुको नामावली

| सि.नं. | नाम, थर | कार्य अवधि | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १ | श्री श्याम कुमार बस्नेत | २०७५/०२/२९ | २०७६/०३/३० |
| २ | प्रा.डा. श्री रामचन्द्र ढकाल | २०७५/१२/२६ | २०७७/०५/०१ |
| ३ | डा. श्री यमुना कँडेल | २०७६/०१/०१ | २०७७/०५/०१ |
| ४ | श्री निलम ताम्राकार | २०७८/०५/२५ | २०७८/०७/१४ |
| ५ | श्री ज्ञानकुमार श्रेष्ठ | २०७८/०५/२५ | २०७८/०७/१४ |
| ६ | श्री रामशरण प्याकुरेल | २०७८/०५/२५ | २०७८/०७/१४ |
| ७ | श्री राजु नेपाल | २०७८/०९/१४ | २०७९/०९/०८ |
| ८ | श्री प्रल्हाद लामिछाने | २०७८/०९/१४ | २०७९/०९/०८ |
| ९ | प्रा.डा.श्री जयन्त नाथ खनाल | २०७९/११/०५ | २०७९/११/१० |
| १० | डा. श्री दिपेन्द्र श्रेष्ठ | २०७९/११/०५ | २०८०/०१/०३ |
| ११ | श्री किरण प्रसाद गजुरेल | २०७९/१२/२८ | २०८०/११/२८ |
| १२ | श्री कृष्णा कुमारी बस्नेत | २०८०/०५/१९ | २०८०/१२/१८ |
| १३ | डा. श्री प्रदिप कुमार मैनाली | २०८०/०५/२७ | २०८१/०४/०६ |
| १४ | डा. श्री दिपेन्द्र श्रेष्ठ | २०८१/०१/२७ | २०८१/०४/०६ |
| १५ | श्री गुणराज मुक्तान | २०८१/०५/२६ | २०८२/०४/२० |

| | | | |
|---|---|---|---|
| १६ | डा. श्री दिपेन्द्र श्रेष्ठ | २०८१/०५/२६ | २०८२/०४/२० |

## हालसम्म कार्यरत रहनु भएका आयोगको सचिवहरुको नामावली

| क्र.स | पद | नाम, थर | कार्य अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | प्रदेश सचिव | श्री ईन्दिरा दाहाल | २०७५/०३/०१ | २०७५/०५/०६ |
| २ | नि.प्रदेश सचिव | श्री आत्माराम सत्याल | २०७५/०५/१० | २०७६/०२/०१ |
| ३ | प्रशासकीय प्रमुख | श्री अन्जन न्यौपाने | २०७६/०२/०२ | २०७६/११/१४ |
| ४ | प्रशासकीय प्रमुख | श्री कृष्ण प्रसाद आचार्य | २०७६/११/१५ | २०७७/०५/०४ |
| ५ | प्रदेश सचिव | श्री डण्डुराज घिमिरे | २०७७/०५/०५ | २०७८/०६/०७ |
| ६ | प्रदेश सचिव | श्री धनिराम शर्मा | २०७८/०६/११ | २०७९/०३/२६ |
| ७ | प्रदेश सचिव | श्री महेश आचार्य | २०७९/०४/१८ | २०७९/११/१७ |
| ८ | प्रदेश सचिव | श्री रामकृष्ण पुडासैनी | २०७९/११/१८ | २०८०/०२/०७ |
| ९ | प्रदेश सचिव | श्री बलराम निरौला | २०८०/०२/०७ | २०८०/०८/१९ |
| १० | प्रदेश सचिव | श्री ज्ञान प्रसाद ढकाल | २०८०/०८/२० | २०८१/०५/०५ |
| ११ | प्रदेश सचिव | श्री कृष्ण प्रसाद मैनाली | २०८१/०५/०६ | २०८१/०६/१९ |
| १२ | प्रदेश सचिव | श्री केशवराज सुवेदी | २०८१/०६/२० | हालसम्म |

## हाल कार्यरत आयोगको कर्मचारीहरुको नामावली

| क्र.स. | नाम थर | पद | कार्य अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | केशवराज सुवेदी | प्रदेश सचिव | २०७१/०६/२० | हाल सम्म |
| २ | अच्युत प्रसाद उपाध्याय | अधिकृतस्तर नवौं | २०८१/०६/०६ | हाल सम्म |
| ३ | अमृत कुमार श्रेष्ठ | अधिकृतस्तर आठौं | २०८१/०७/१४ | हाल सम्म |
| ४ | पुस्कल श्रेष्ठ | विज्ञ | २०७५/०४/१३ | हाल सम्म |
| ५ | सिताराम रिमाल | प्रदेश पोषण संयोजक | २०८२/०३/२६ | हाल सम्म |
| ६ | वीर बहादुर खत्री | अधिकृत सातौं | २०७९/०५/२० | हाल सम्म |
| ७ | विश्वराज लामा | अधिकृत सातौं | २०८१/०६/०४ | हाल सम्म |
| ८ | नकुल प्रसाद गौतम | अधिकृतस्तर छैटौं | २०७८/१०/२७ | हाल सम्म |
| ९ | जयराम रुपाखेती | अधिकृतस्तर छैटौं | २०७९/०५/२० | हाल सम्म |

| क्र.स. | नाम थर | पद | कार्य अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १० | कल्पाना उप्रेती | नायब सुब्बा | २०८१/०१/२८ | हाल सम्म |
| ११ | कुमारी बसन्ति रिजाल | सहायकस्तर पाँचौ | २०८१/१२/१३ | हाल सम्म |
| १२ | ध्रुब पौडेल | सहायकस्तर पाँचौ | २०८१/१२/१३ | हाल सम्म |
| १३ | लक्ष्मण लामिछाने | कम्प्युटर अपरेटर पाँचौ | २०७९/०५/०१ | हाल सम्म |
| १४ | रामचन्द्र महत | ह.स.चा. | २०७५/०६/२४ | हाल सम्म |
| १५ | राजु अधिकारी | ह.स.चा. | २०७६/०४/१४ | हाल सम्म |
| १६ | दिनेश चौधरी | का.स. | २०७६/०१/०१ | हाल सम्म |
| १७ | तुलसी रिमाल | का.स. | २०७६/०१/०१ | हाल सम्म |
| १८ | उमा ढुङ्गाना | का.स. | २०७८/०१/१७ | हाल सम्म |

# परिच्छेद-दुई

## उपलब्धीहरू

### २.१ प्रमुख उपलब्धीहरू

आ. व. २०८१/०८२ का प्रमुख उपलब्धीहरू देहाय बमोजिम रहेका छन्ः

- आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई परिमार्जन गरी सञ्चालनमा ल्याइएको,
- बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालिम सञ्चालन गरिएको तथा सम्बन्धित निकायहरुलाई आईडी समेत प्रदान गरिएको,
- छ वटा स्थानमा बागमती प्रदेशका सबै स्थानीय तहहरु संलग्न हुने गरी जिल्लास्तरीय वार्षिक योजना तर्जुमा गोष्ठी आयोजना सम्पन्न गरिएको,
- बागमती प्रदेशको सम्पन्न भएको दुई वटा क्षेत्रको आयोजनाहरूको प्रभाव मूल्याङ्कन गरिएको,
- चेपाङ समुदायको पोषण तथा खाद्य सुरक्षाको अवस्था सम्बन्धी अध्ययन गरिएको,
- बागमती प्रदेशको निर्यात योग्य बस्तुहरूको पहिचान सम्बन्धी अध्ययन गरिएको,
- दोस्रो आवधिक योजना तर्जुमाको लागि नतिजाखाका तयारी भइरहेको,
- प्रदेश विकास जर्नलको पाँचौ अङ्कको सम्पादन र प्रकाशन गरिएको,
- बहुक्षेत्रीय पोषण कार्यक्रम स्थानीय तहमा सम्पन्न गरिएको,
- प्रदेश नीति तथा योजना आयोगको पञ्चवर्षीय रणनीति सम्बन्धी प्रारम्भिक छलफल गरिएको ।

### २.२ तयार भएका ऐन, नियमावली तथा कार्यविधिहरुको विवरण

- प्रदेश अनुगमन तथा मूल्याङ्कनऐनको मस्यौदा तर्जुमा गरी विधेयकको रूपमा अघि बढाउन आर्थिक मामिला तथा योजना मन्त्रालय एवं आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सैद्धान्तिक सहमती प्राप्त भई मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमती प्राप्त गरी ऐनको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको,
- वार्षिक आयोजना छनोट कार्यविधि, २०७८ लाई सङ्घीय सोह्रौं योजना र प्रदेशको दोस्रो आवधिक योजना अनुरूप संशोधन गरिएको,
- प्रदेश नीति तथा योजना आयोग सम्बन्धी ऐन र तथ्याङ्क ऐन दुबै तर्जुमाका लागि विधेयकको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको ।

### २.३ आयोगबाट सम्पादित प्रमुख कार्यहरू

- आ.व.२०८१/०८२ मा आयोगमा भएको बैठक र प्रमुख निर्णय र तिनीहरूको कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छः

### २.३.१.बैठक सङ्ख्या

- आ.व.२०८१/०८२ मा आयोगको कुल १९ वटा बैठकहरू सम्पन्न भएका छन् जसमा माननीय मुख्यमन्त्री तथा आयोगका अध्यक्षज्यूको अध्यक्षता ३ वटा पूर्ण बैठक र उपाध्यक्षज्यूको अध्यक्षतामा १६ वटा नियमित बैठकहरू सम्पन्न भएका छन्।

### २.३.२.प्रमुख निर्णयहरू

- प्रदेश तथ्याङ्क ऐन र प्रदेश नीति तथा योजना आयोग ऐनको मस्यौदा माथि थप छलफल, परिमार्जन र सिफारिस।
- दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) को आधारमा विषयगत नतिजा खाका (Result Framework) तयार।
- आयोजना तथा कार्यक्रमहरुको मूल्याङ्कन, प्राथमिकीकरण र आयोजना बैंकमा समावेश गर्ने आयोजना तथा कार्यक्रमहरुका सम्बन्धमा वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ को दफा ११(१३) को खण्ड (क) र (ख) मा उल्लिखित सूचकहरु संघको सोह्रौं योजना र प्रदेशको दोस्रो आवधिक योजनासँग अनुकुल हुनेगरी कार्यविधि संशोधन प्रक्रिया अघि बढाउन।
- आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई चालु आर्थिक वर्षबाट कार्यावयन गर्न आवश्यक व्यवस्था।
- जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीको आयोजना।
- प्रदेश अनुगमन तथा मूल्याङ्कन ऐनको मस्यौदा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस।
- दोस्रो आवधिक योजना र दिगो विकास लक्ष्यको प्रादेशिक मार्गचित्र कार्यान्वयनका लागि सरकार र गैरसरकारी विकास साझेदारहरुसँग समन्वय र सहकार्य।
- बागमती प्रदेशको दोस्रो आवधिक योजनामा छुट हुन गएको नतिजा खाका तयार भई समावेश भए पछि योजना कार्यान्वयनका लागि विकास साझेदारहरुसँगको अन्तरक्रिया कार्यक्रम सञ्चालन।
- वहुवर्षीय ठेक्का आयोजनाहरूको मूल्याङ्कन गरी पहिलो प्राथमिकतामा परेका १८ वटा आयोजनाहरूलाई बहुवर्षीय आयोजनाहरूलाई स्रोत सुनिश्चित गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस ।
- प्रस्तावित आयोजनाहरूको प्राथमिकीकरण ।
- सङ्घीय समपूरक र विशेष अनुदानका लागि प्रस्तावित आयोजनाहरूको मूल्याङ्कन र प्राथमिकीकरण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस ।
- विषयगत मन्त्रालयबाट जारी भएका क्षेत्रगत नीतिहरुको समीक्षा सम्बन्धित मन्त्रालयसँगको समन्वय र सहकार्य।
- स्थानीय विकास सूचकाङ्क तयारीको लागि अवधारणा पत्र तयार ।
- स्थानीय तहको समग्र विकासको अवस्था झल्किने गरी स्थानीय विकास सूचकाङ्क र स्थानीय मानव विकास सूचकाङ्क तयार।

## २.४ निर्णय कार्यान्वयनको अवस्था

१. संविधानमा प्रदेशको एकल अधिकारको सूचीमा रहेको प्रदेश मूल्याङ्कन व्यवस्थापनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा प्रदेश नीति तथा योजना आयोगलाई थप प्रभावकारी बनाउने उद्देश्यले प्रदेश मूल्याङ्कन ऐन प्रदेश नीति तथा योजना आयोग ऐनको मस्यौदाहरूलाई बुँदागत रूपमा थप छलफल परिमार्जन गरी ऐन निर्माणको प्रकृया अघि बढाउनका सिफारिससहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको,

२. प्रदेशको दोस्रो आवधिक योजना तथा नेपाल सरकारको सोह्रौ योजनासँग तादम्यता हुने गरी वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ संशोधन गरी कार्यान्वयन गरिएको,

३. आयोजना बैंकलाई व्यवस्थित रूपमा सञ्चालनका लागि बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई परिमार्जन गरिएको साथै मन्त्रालय र निकायका सम्बन्धित कर्मचारीहरूकालाई सो सम्बन्धी अभिमुखीकरण प्रदान गरिएको,

४. प्रदेश सरकारको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तथा वार्षिक विकास कार्यक्रम सम्बन्धमा आवश्यक सुझाव सङ्कलन गर्नका लागि सबै स्थानीय तहहरूको सहभागितामा जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीहरू सञ्चालन गरी सुझावहरू सङ्कलन गरिएको । प्राप्त सुझावहरूको प्रतिवेदन तयार गरी वार्षिक नीति तथा कार्यक्रम र वार्षिक विकास कार्यक्रममा समावेश गर्नका लागि सबै मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको,

५. प्रदेश सरकारको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले प्रदेश अनुगमन तथा मूल्याङ्कनऐनको मस्यौदा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको,

६. सङ्घीय समपूरक र विशेष अनुदानका लागि प्रस्तावित आयोजनाहरूको मूल्याङ्कनर प्राथमिकीकरण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस,
वहुवर्षीय ठेक्का आयोजनाहरूको मूल्याङ्कन गरी पहिलो प्राथमिकतामा परेका आयोजनाहरूलाई बहुवर्षीय आयोजनाहरूलाई स्रोत सुनिश्चित गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस ।

## २.५ आर्थिक वर्ष २०८१/८२ को प्रदेश सरकारको नीति तथा कार्यक्रम अन्तर्गत प्रगति विवरण

| बुँदा नं | नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/ उपलब्धी | कैफियत |
|---|---|---|---|
| ११ | प्रदेश गौरवका आयोजना छनौट मापदण्ड तर्जुमा गरी ठुला, बहुवर्षीय र क्रमागत योजनाहरू तोकिएको समयभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ | प्रदेश गौरवका आयोजना छनौट मापदण्ड तर्जुमा गर्न बाँकी रहेको । | |
| १७३ | प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउन प्रादेशिक मूल्याङ्कनसम्बन्धी कानून तर्जुमा गरिनेछ | प्रदेश मूल्याङ्कन ऐनको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस भएको | |

| बुँदा नं | नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/ उपलब्धी | कैफियत |
|---|---|---|---|
| १७४ | आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याई आयोजना छनौट प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाइनेछ | प्रणाली अध्यावधिक भएको, माननीय मुख्यमन्त्रीज्यूबाट कार्यारम्भको घोषणा भएको, अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको, आयोजना बैंकमा आयोजना प्रविष्ट गर्न शुरुवात भएको | |
| १७५ | महिला, दलित, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय र विपन्न वर्ग तथा पिछडिएको क्षेत्रको शिक्षा, स्वास्थ्य, आवास, पूर्वाधार तथा आर्थिक विकासको लागि प्रदेश सरकारले सञ्चालन गरेका आयोजना र कार्यक्रमहरूको प्रभाव मूल्याङ्कनगरिनेछ । | जनता आवास कार्यक्रम र भालुमारे झुल खानेपानी तथा सरसफाई आयोजनाको प्रभाव मूल्याङ्कनको अध्ययन अनुसन्धानको कार्य भएको | |

## २.६ आर्थिक वर्ष २०८१/८२ को बजेट बक्तव्यमा उल्लिखित बुँदाहरुको प्रगति विवरण

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्य सम्पादनको अवस्था |
|---|---|---|
| २१७ | प्रदेश सरकारका मन्त्रालय तथा निकायहरुबाट सञ्चालन हुने प्रादेशिक महत्त्वका आयोजनाहरूलाई गौरवको आयोजनाको रूपमा छनौट गरी कार्यान्वयन गर्न आगामी आर्थिक वर्षमा प्रदेश गौरव आयोजना मापदण्ड तर्जुमा गरिनेछ । | यस आर्थिक वर्षमा मापदण्ड तयार गरिने। समन्वय कायम गरिएको। |
| २१८ | प्रदेशको दोस्रो आवधिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि विषयगत मन्त्रालय र निकायहरूका वार्षिक कार्यक्रम तथा बजेट र योजना बिच तादात्म्यता कायम गर्न आवश्यक समन्वय गरिनेछ । | जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीबाट सुझाव प्राप्त गरीएको र विषयगत मन्त्रालयहरुको योजना तर्जुमा गोष्ठी, छलफल कार्यक्रम सञ्चालन भएको। |
| २१९ | प्रदेश मूल्याङ्कनलाई यथार्थपरक, भरपर्दो र विश्वसनीय बनाई प्रदेशका योजना, नीति र कानून निर्माणको आधार बनाउन प्रदेश मूल्याङ्कन ऐन र नियमावली तर्जुमा गरिनेछ। | प्रदेश मूल्याङ्कन ऐनको मस्यौदालाई विधेयकको रूपमा अघि बढाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको र सैद्धान्तिक सहमतीको प्रक्रिया अघि बढेको। |
| २२० | आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याइ प्रदेश सरकारबाट सञ्चालन हुने आयोजना छनौट प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाइनेछ। | वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ मा भएको पहिलो संशोधन बमोजिम सूचना प्रणालीमा परिमार्जन गरी कार्यान्वयन गर्ने कार्यक्रम रहेको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्य सम्पादनको अवस्था |
|---|---|---|
| २२१ | महिला, दलित, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय र विपन्न वर्ग तथा पिछडिएको क्षेत्रको शिक्षा, स्वास्थ्य, आवास, पूर्वाधार तथा आर्थिक विकासको लागि प्रदेश सरकारले सञ्चालन गरेका आयोजना र कार्यक्रमहरूको प्रभाव मूल्याङ्कनगर्नका लागि रकम विनियोजन गरेको छ । | यस आ.व.भित्र सम्बन्धित सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी अनुगमन, मूल्याङ्कन भई सुझाव प्राप्त हुने। |

## २.७ आर्थिक वर्ष २०८१/८२ को बजेट उपशीर्षक अनुसारको प्रगति विवरण

| क्र.स. | बजेट उप शिर्षक | चालु खर्च रु.हजारमा | खर्च प्रतिशत | पूँजीगत खर्च रु.हजारमा | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २११११ पारिश्रमिक कर्मचारी | ६४६७.९०९ | ६६.३० | - | - | |
| २ | २१११२ पारिश्रमिक पदाधिकारी | १८८४.६७० | ६४.०८ | - | - | |
| ३ | २११२१ पोशाक | १८०.००० | ८५.७१ | - | - | |
| ४ | २११३२ महंगी भत्ता | ३९२.९६० | ७७.९७ | - | - | |
| ५ | २११३९ अन्य भत्ता | १६९.०५० | ८३.२८ | - | - | |
| ६ | २११४१ पदाधिकारी बैठक भत्ता | ०.००० | ०.०० | - | - | |
| ७ | २११४२ पदाधिकारी अन्य सुविधा | १९५८.७६६ | ७४.५३ | - | - | |
| ८ | २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १५.१४३ | २१.०३ | - | - | |
| ९ | २२१११ पानी तथा बिजुली | ११५.६५० | ४१.०१ | - | - | |
| १० | २२११२ संचार महसुल | १३६.९४९ | ४३.८९ | - | - | |
| ११ | २२२११ इन्धन (पदाधिकारी) | ३८१.७६५ | ३९.८१ | - | - | |
| १२ | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ५८०.०२१ | ७९.८९ | - | - | |
| १३ | २२२१३ सवारी साधन मर्मत खर्च | ७४७.७४२ | ४२.७३ | - | - | |
| १४ | २२२१४ बिमा तथा नवीकरण खर्च | २५४.१३९ | ६०.९४ | - | - | |
| १५ | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १९९.९७५ | ९९.९९ | - | - | |

| क्र.स. | बजेट उप शिर्षक | चालु खर्च रु.हजारमा | खर्च प्रतिशत | पूँजीगत खर्च रु.हजारमा | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १६ | २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २७४.३३८ | ६८.५८ | - | - | |
| १७ | २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ९५.८२४ | ४७.९१ | - | - | |
| १८ | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ११९९.४८३ | ९९.९६ | - | - | |
| १९ | २२३१४ इन्धन - अन्य प्रयोजन | ७१.९१० | ९९.८८ | - | - | |
| २० | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १६८.२६५ | ४२.०७ | - | - | |
| २१ | २२४११ सेवा र परामर्श खर्च | १४८६.५२१ | ७४.३३ | - | - | |
| २२ | २२४१३ करार सेवा शुल्क | २९१०.०८६ | ७८.४० | - | - | |
| २३ | २२४१९ अन्य सेवा शुल्क | १०२.७३८ | ८५.६२ | - | - | |
| २४ | २२५११ कर्मचारी तालिम खर्च | ०.००० | ०.०० | - | - | |
| २५ | २२५२२ कार्यक्रम खर्च | ३३११.८३३ | ३६.७० | - | - | |
| २६ | २२६११ अनुगमन, मूल्यांकन खर्च | ९९७.०१५ | ८८.०८ | - | - | |
| २७ | २२६१२ भ्रमण खर्च | ३१.६०० | ३४.३५ | - | - | |
| २८ | २२७११ विविध खर्च | ५२९.७६५ | ६३.०७ | - | - | |
| २९ | २८१४२ घर भाडा | २१८९.९९३ | ९१.२५ | - | - | |
| ३० | ३११२१ सवारी साधन | - | - | ३४९.९ | ७७.७६ | |
| ३१ | ३११२२ मेशिनरी तथा औजार | - | - | ८०१.०१७ | ५०.३८ | |
| ३२ | ३११२३ फर्निचर तथा फिक्चर्स | - | - | ८७८.४९३ | ९७.६१ | |
| जम्मा | | २६९५३.४०३ | ६२.५२ | २०२९.४१ | ६९.०२ | |

## २.८ आर्थिक वर्ष २०८१/८२ को आम्दानी विवरण

| क्र.स. | राजश्व शीर्षक | आम्दानी रु हजारमा |
|---|---|---|
| १. | १५१११(बेरुजु) | रु ८.८६४ |

## २.९ आर्थिक वर्ष २०८१/८२ को क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति विवरण

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम र कार्यान्वयन स्थल | एकाई | उपलब्धी विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार | - | - | - | - |
| २. | सामाजिक विकास | दुई आयोजनाहरुको प्रभाव मूल्याङ्कन | वटा | आयोजनाहरुले सकारात्मक प्रभाव पारेको | अध्ययन अनुसन्धानको प्रतिवेदनहरु |
| | | ८ स्थानमा चेपाङ समुदायको पोषण तथा खाद्य सुरक्षा सम्बन्धी अध्ययन | पटक | चेपाङ समुदायमा न्यून पोषणको अवस्था | |
| | | बागमती प्रदेशको निर्यात सम्बन्धी अध्ययन | पटक | ICT, कृषि लगायतका क्षेत्रहरुमा निर्यातको सम्भावना | |
| ३. | लगायतका अन्य ... | छ स्थानमा १३ जिल्लाको प्रतिनिधित्व हुने गरी जिल्लस्तरीय वार्षिक योजना तर्जुमा गोष्ठी | पटक | योजना निर्माणको सुझावहरु प्राप्त भएको | कार्यक्रमको प्रतिवेदनहरु |
| | | Post Disaster Need Assessment (PDNA) Report विपद् पछिको आवश्यकता मूल्याङ्कन प्रतिवेदन | प्रति | PDNA Report बागमति प्रदेश सरकार समक्ष पेश गरेको | |
| | | प्रदेश सचिव र महाशाखा प्रमुखहरुलाई आयोजना बैंक सञ्चालन सम्बन्धी अभिमुखीकरण | पटक | आयोजनाहरु प्रवृष्टि गर्न शुरुवात भएको | |

# परिच्छेद-तीन

## अबको बाटो

### ३.१. सवालहरु

प्रदेश नीति तथा योजना आयोग गठन आदेशबाट सञ्चालित हुँदै यसका संरचनागत तथा कानुनी सीमाहरु, संस्थागत सीमाहरु, अध्ययन तथा अनुसन्धान र तहगत समन्वयका सीमाहरुलाई अवसरको रुपमा परिणत गर्दै आयोगको गरिमालाई अब्बल रूपमा स्थापित गर्न सक्षम भएको छ। यस संस्थालाई अझ कार्यक्षेत्र अनुसार अधिकार प्रयोग गर्न दिन बागमती प्रदेश सरकारसँग तपसिल बमोजिमको सवालहरु रहेका छन्ः

- नीति र योजना निर्माणमा आयोगको प्रस्ताव कार्यान्वयन कसरी सुनिश्चित गरिने?
- तथ्याङ्क व्यवस्थापन र अनुसन्धान क्षमताको सुदृढीकरण कसरी गरिने?
- आयोगको सिफारिसलाई कानुनी रूपमा बाध्यकारी बनाउने सम्भावना के कस्तो?
- स्थानीय तहसँग नीति तथा योजना समन्वयको प्रभावकारी मोडेल के हुन सक्छ?
- संघीय सरकारसँग नीतिगत समन्वय कसरी प्रभावकारी बनाउने?
- कसरी आयोगलाई "Think Tank" को रूपमा विकास गर्ने?
- आर्थिक मामिला तथा योजना मन्त्रालयसँगको कार्यगत दोहोरोपनालाई कसरी हटाउने?
- आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई बजेट तर्जुमासँग कसरी जोड्ने ?

### ३.२. प्रमुख समस्याहरू

- प्रदेश तथ्याङ्क ऐन नभएको कारणले प्रदेशका लागि आवश्यक मूल्याङ्कनको उत्पादन र वितरण गर्न समस्या रहेको।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रम र बजेट बिचमा सामञ्जस्यता कम भएको।
- तीन तहको सरकारको योजना तर्जुमा सम्बन्धी एकीकृत कानून नहुँदा योजनाहरूमा दोहोरोपन, स्रोतको दुरूपयोग र समन्वयको अभाव रहेको।
- तोकिएको जिम्मेवारी पुरा गर्न आयोगलाई एक सशक्त निकायको रूपमा स्थापित गर्न नसकिएको।
- अध्ययन अनुसन्धान, अनुगमन तथा मूल्याङ्कनतथा तहगत समन्वयसम्बन्धी काम कम प्राथमिकतामा परेको।
- पोषणका सवालहरुलाई दिगो विकास लक्ष्यका उपलब्धीहरूसँग जोडेर लैजान नसकिएको । साथै बहुक्षेत्रीय पोषणका कार्यक्रमहरु कम प्राथमिकतामा परेको।
- आयोजना बैंक पूर्ण रूपमा सञ्चालन गर्न नसकिएको।

### ३.३. सबल पक्षहरु, कमीकमजोरीहरु, अवसरहरु र चुनौतीहरु

| सबल पक्षहरु | कमीकमजोरीहरु | अवसरहरु | चुनौतीहरु |
|---|---|---|---|
| प्रदेश सरकारसँग प्रत्यक्ष समन्वय | ऐनबाट दिशानिर्देश नभएको | तहगत नीति तथा योजना समन्वयको प्रभावकारी मोडेल तयार गर्ने | राजनीतिक अस्थिरता र हस्तक्षेप |
| संगठन संरचना अनुसार जनशक्ति प्राप्त | विज्ञ जनशक्तिको कमी | Think Tank तथा Research and Development लाई बढावा दिने | थप विज्ञ जनशक्ति प्राप्त गर्नु |
| बहुवर्षीय, समपुरक तथा विशेष आयोजनाहरुको प्राथमिकीकरण गर्ने | बजेट निर्माण तथा नीतिगत निर्णयमा परनिर्भरता | आयोजना बैंक कार्यान्वयन गर्ने | पूर्वाधार तथा प्रविधिमा सिमितता |
| मन्त्रालयगत सामञ्जस्यता भएको | कार्यक्षेत्रमा दोहोरोपना | नीतिगत सामञ्जस्यताको लागि विद्यमान संयन्त्रको उचित प्रयोग गर्ने | दीर्घकालीन नीति तथा योजनाहरु बीच तादम्यता मिलाउनु |
| संघीय संरचनासँग अनुकुलता | भरपर्दो तथ्याङ्क निर्माणमा संयन्त्रको कमी | तथ्याङ्क प्रणाली स्थापना गर्ने | भरपर्दो तथ्याङ्क निर्माण गर्नु |
| अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन भएको | नियमित अनुगमन तथा मूल्याङ्न कार्य नभएको | नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने | तीनै तह बीचमा एकीकृत प्रणालिको निर्माण गर्नु |

## ३.४. सुझाव तथा सुधारका विषयहरू

- स्पष्ट कार्य जिम्मेवारी
  - प्रदेश नीति तथा योजना आयोगको भूमिका ऐन द्वारा स्पष्ट गरिनुपर्ने,
  - प्रदेश अनुगमन तथा मूल्याङ्कनऐन तर्जुमा गर्नु पर्ने,
  - प्रदेश तथ्याङ्क ऐन जारी हुनुपर्ने,
  - प्रदेश आयोजना बैंक सञ्चालन तथा PLMBIS सँग तादम्यता गर्नु पर्ने,
  - आवधिक योजनासँग सामञ्जस्य हुने गरी मध्यमकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने कार्यजिम्मेवारी आयोगलाई प्रदान गरिनुपर्ने ।
- स्पष्ट कानुनी संरचना र अधिकार प्रत्यायोजन
  - आयोगको भूमिका, कार्यक्षेत्र, अधिकार र दायित्व स्पष्ट रूपमा कानुनमा व्याख्या गर्नु पर्ने।
  - संघीय सरकारसँग कार्यविभाजनको स्पष्टता हुन आवश्यक।
- नीति निर्माणमा संस्थागत सुदृढीकरण
  - आयोगलाई नीति निर्माणको नेतृत्वकारी भूमिका दिने।
  - प्रदेश सरकारका सबै मन्त्रालयका नीतिहरूमा आयोगको अनिवार्य परामर्श/सहमति प्रणाली विकास गर्ने।
  - तीन तहको सरकारको योजना तर्जुमा सम्बन्धी एकीकृत कानुन तर्जुमा गर्नु पर्ने,

- वार्षिक बजेटमा भएका कार्यक्रमहरू प्राथमिकतामा राखी सम्पन्न गर्ने र विकास साझेदारहरूसँग समन्वय र सहकार्य गरी थप गर्ने ।

- प्राविधिक जनशक्ति र क्षमता विकास
  - योजना, मूल्याङ्कन, नीति विश्लेषण र अनुगमनमा दक्ष जनशक्ति प्राप्ति तथा तालिम,
  - आयोगभित्रै अनुसन्धान तथा विश्लेषण इकाइ (Research & Analytics Cell) स्थापना गर्ने,
  - थप विज्ञ जनशक्तिको उपलब्धता गरिनुपर्ने ।

- प्रमाणमा आधारित नीति निर्माण
  - अद्यावधिक तथा विश्वसनीय तथ्याङ्क प्रणाली विकास गर्ने,
  - MIS, GIS, Data Visualization tools को प्रयोग बढाउने।

- स्थानीय तहसँग समन्वय
  - स्थानीय तहमा निर्माण हुने योजनासँग प्रदेश योजनाको समन्वय र एकरुपता सुनिश्चितता,
  - प्रदेश योजना आयोग र स्थानीय तहहरुबीच सहकार्य स्थापित गर्ने।

- पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिता
  - आयोगका निर्णय, नीति प्रस्ताव, र अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्ने प्रणाली विकास,
  - नागरिक, निजी क्षेत्र, र विज्ञहरूलाई नीति निर्माण प्रक्रियामा सहभागी गराउने।

- नियमित अनुगमन, मूल्याङ्कन र सुधार प्रणाली
  - कार्यान्वयन भएको नीति/योजनाको प्रभाव मूल्याङ्कन गर्ने संयन्त्र तयार गर्ने,
  - SWOT र Impact review लाई नियमित बनाउने ।

## ३.५ निर्णय कार्यान्वयनको अवस्था अनुसार अनुसूची वा संचिप्त विवरण

- बहुवर्षीय ठेक्का आयोजनाको रूपमा सञ्चालन गर्नका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयले पेस गरेका १६ वटा, खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालयले पेस गरेका १ वटा र श्रम, रोजगार तथा यातायात मन्त्रालयले पेस गरेका १ वटा आयोजना गरी कुल १८ वटा आयोजनाहरू वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ बमोजिम मूल्याङ्कन र प्राथमिकीकरण गरी बहुवर्षीय आयोजनाको रूपमा सञ्चालनका लागि स्रोत सुनिश्चित गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गरिएको। आयोजनाहरूको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।
- आन्तरिक मामिला तथा कानून मन्त्रालयको माग बमोजिम आयोजनाको मूल्याङ्कनर प्राथमिकीकरणका लागि प्रस्ताव गरिएका १ वटा आयोजनाहरू वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ बमोजिम मूल्याङ्कन

गरी पहिलो प्राथमिकता प्राप्त (P1) आयोजनाको रूपमा सिफारिस गरिएको । सिफारिस गरिएका आयोजनाहरूको विवरण अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

- वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ बमोजिमको मूल्याङ्कनमा संलग्न सूची ३ मा उल्लेखित ४ वटा आयोजनाहरू पहिलो प्राथमिकता (P1) मा परेको तर प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ५ (१) (क) बमोजिम चालु आ.व.मा बजेट विनियोजन भएको नदेखिएकोले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट नै उपयुक्त व्यवस्थापन गर्न उचित हुने आयोजनाहरूको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।
- आ.व. २०८२/०८३ को संघीय समपूरक अनुदानको लागि प्रस्तावित आयोजना/कार्यक्रमहरु (क्रमागत)को विवरण अनुसूची ४ मा प्रस्तुत गरिएका छन् ।
- आ.व. २०८२/०८३ को संघीय समपूरक अनुदानको लागि प्रस्तावित आयोजना/कार्यक्रमहरु (नयाँ)को विवरण अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।
- आ.व. २०८२/०८३ को संघीय विशेष अनुदानको लागि प्रस्तावित आयोजना/कार्यक्रमहरु (क्रमागत)को विवरण अनुसूची ६ मा प्रस्तुत गरिएको छ ।
